हाम्रो विकास बैंक लि.

# HAMRO BIKAS BANK LTD.

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत पत्र प्राप्त संस्था)

विदुर-३, बट्टार, नुवाकोट, फोन नं.: ०१०-५६१७७७, फ्याक्स नं.: ०१०-५६१७७९
इमेलः info@hamrobank.com, वेबसाईटः www.hamrobank.com

## शेयरधनी महानुभावहरुलाई अत्यन्त जरुरी सूचना

हाम्रो विकास बैंक लिमिटेडको मिति २०७५/७/११ गते सम्पन्न १०औं बार्षिक साधारण सभाबाट पारित भएको ७.९१४५ प्रतिशत नगद लाभाँश (कर सहित) मिति २०७५/७/८ गतेसम्म हितग्राही खातामा बैंक खाता अद्यावधिक गर्ने शेयरधनीहरूको बैंक खातामा नै जम्मा गरिएको र उक्त मिति पश्चात् बैंक खाता अद्यावधिक गर्ने शेयरधनीहरूको हकमा समेत नगद लाभांश बैंक खातामा नै जम्मा गरिने व्यहोरा जानकारी गराउँदछौं ।

तसर्थ आफ्नो शेयर प्रमाणपत्र हालसम्म अभौतिकिकरण नगर्नु भएका शेयरधनी महानुभावहरूले यथाशीघ्र आफूले डिम्याट खाता खोलेको सम्बन्धित निक्षेप सदस्यमा सर्म्पक गरी आफ्नो शेयर प्रमाणपत्र अभौतिकीकरण गरी नेपाल क्लियरीङ्ग हाउस अन्तर्गत IPS सदस्यता प्राप्त कुनै पनि बैंक तथा वित्तीय संस्थामा रहेको आफ्नो बैंक खाता नम्बर सहितको विवरण अद्यावधिक गर्नुहुन अनुरोध गर्दछौं ।

मिति २०७५/७/८ गतेसम्ममा आफ्नो हितग्राही खातामा बैंक खाता अद्यावधिक गर्दा बैंक खाताको विवरण हुवहु नभई नगद लाभांश प्राप्त नगर्नु भएका शेयरधनीहरूको विवरण कम्पनीको शेयर रजिष्ट्रारको वेवसाइट "www.niblcapital.com" मा राखिएकोले आ-आफ्नो निक्षेप सदस्यमा सम्पर्क गरी विवरण सच्याउन हुन यसै सूचना मार्फत सूचित गर्दछौं ।

साथै उक्त कम्पनीको शेयर मिति २०७५/६/२५ गतेसम्ममा धितो बन्धक राखी कर्जा लिएका शेयरधनीको नगद लाभांश सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट No Objection Letter प्राप्त भए पश्चात् मात्र बैंक खातामा जम्मा गरिने र सो मिति पश्चात् कर्जा चुक्ता भुक्तानी गर्नु भएका शेयरधनीको हकमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको फुकुवा पत्र (Release Letter) प्राप्त भए पश्चात् मात्र बैंक खातामा जम्मा गरिने ब्यहोरा समेत यसै सूचना मार्फत सूचित गर्दछौं ।

NIBL ACE CAPITAL
Managing shares. Managing investments.

wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

**शेयर रजिष्ट्रारको पुरा नाम र ठेगाना**

**एनआईबिएल एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com
(साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा साविक एस क्यापिटल लिमिटेड)